**जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको**
**छैठौं वार्षिक साधारणसभाको**
**कामकारवाहीको विवरण (माइन्युट)**

**१. वैधानिक सभा:**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०५ गते शुक्रबार बसेको १११ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुरूप छैठौं बार्षिक साधारणसभा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री बिक्रमराज सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान:**

**मिति :** २०८१/०९/२८ गते आइतवार (तद्नुसार १२ जनवरी, २०२५)

**समय :** बिहान १०:३० बजेदेखि प्रारम्भ भई बेलुकी ८:४५ बजे सम्पन्न

**स्थान :** वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी - २, मोरङ्ग ।

**३. सभाको सूचना प्रकाशन :**

३.१ साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई पहिलो पटक २०८१ पुष ०६ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक र दोस्रो पटक मिति २०८१ पुष ११ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा तथा वित्तीय संस्थाको वेवसाइटमा सुचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

३.२ सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरू साथै अन्य प्रस्तावका विषयवस्तुहरू सहितको बार्षिक प्रतिवेदनको पुस्तिका वित्तीय संस्थाको वेवसाईट मार्फत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

**४. छलफलका विषय सूचीहरू :**

**(क) सामान्य प्रस्ताव**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

(४) सञ्चालक समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ को वितरण योग्य मुनाफाबाट २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १,३४,७५,१८,९००/- को **०.७३६८ प्रतिशतले हुन आउने रु. ९९,२९,०८७/- (अक्षरेपी उनान्सय लाख उनान्तीस हजार सतासी मात्र) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनका लागि समेत)** वितरण गर्ने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।

(५) संस्थापक समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकको निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्ताव**

(१) सञ्चालक समितिले सिफारीश गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरण योग्य मुनाफाबाट २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १,३४,७५,१८,९००/- को १४ प्रतिशतले हुन आउने रु. **१८,८६,५२,६४६/- (अक्षरमा अठार करोड छयासी लाख बाउन्न हजार छ सय छयालीस मात्र)** बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।

(२) बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजी रु. **१,५३,६१,७१,५४६/- (अक्षरमा एक अर्ब त्रिपन्न करोड एकसठ्ठी लाख एकहत्तर हजार पाँच सय छयालीस मात्र)** पुऱ्याउने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।

(३) बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।

(४) अध्यक्ष तथा सञ्चालकहरुको वैठक भत्ता तथा अन्य सुविधाहरु बृद्धि/परिमार्जन गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीको सम्बन्धित नियम संशोधन गर्ने ।

(५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मूल्याङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवं प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(६) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न गराउन तथा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

(ग) **विविध**

५. **उपस्थिति :**

५.१ सञ्चालकहरू (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) :

| | | | |
|---|---|---|---|
| १. | श्री बिक्रमराज सुवेदी | अध्यक्ष | **उपस्थित** |
| २. | श्री श्यामचन्द्र खतिवडा | सञ्चालक | **उपस्थित** |
| ३. | श्री प्रकाश कुमार श्रेष्ठ | सञ्चालक | **उपस्थित** |
| ४. | श्री इन्द्र नारायण देव वैश्य | सञ्चालक | **उपस्थित** |
| ५. | श्री गोकर्ण खतिवडा | सञ्चालक | **उपस्थित** |
| ६. | श्री असोक सिटौला | सञ्चालक | **उपस्थित** |

५.२ व्यवस्थापन समूह :

१. श्री संजय कुमार मण्डल — प्रमुख कार्यकारी अधिकृत

२. श्री दामोदर रेग्मी — नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

३. श्री विजय कुमार मण्डल — विभागीय प्रमुख

४. श्री सुदिप कुमार मण्डल — विभागीय प्रमुख

५. श्री विनोद प्रसाद साह — विभागीय प्रमुख

६. श्री मनोज कुमार साह — विभागीय प्रमुख

७. श्री रमेश राय — विभागीय प्रमुख

८. श्री अञ्जय कुमार मण्डल — विभागीय प्रमुख

९. श्री रन्जना निरौला — विभागीय प्रमुख

१०. श्री मनोज कुमार शर्मा — विभागीय प्रमुख

११. श्री कुमोद कुमार मण्डल — विभागीय प्रमुख

१२. श्री शिव कुमार राम — विभागीय प्रमुख

१३. श्री सावित्री देवी श्रेष्ठ — प्रदेश प्रमुख

५.३ पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थिति :

१. देवकान्त मण्डल — ने.रा.बैक, प्रतिनिधि

२. श्री विकास थापा — निर्वाचन अधिकृत

३. श्री अश्विनी वंशल — लेखा परीक्षक, प्रतिनिधि

४. श्री सुशेन बहादुर पाण्डे — एनएमबि क्यापिटल, प्रतिनिधि

५. श्री बुद्धिराज मिश्र — एनएमबि क्यापिटल, प्रतिनिधि

५.४ सभाको उपस्थिति विवरण :

कम्पनीको कुल १३९ जना संस्थापक शेयरधनीहरु मध्ये ६१ जना तथा कुल १,२१,४२२ जना सर्वसाधारण शेयरधनीहरु मध्ये ५८ जना शेयरधनीहरुको स्वयं उपस्थिती रह्यो ।

| कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | स्वयं उपस्थित शेयर संख्या (क) | प्रतिनिधिद्वारा उपस्थित शेयर संख्या (ख) | जम्मा (क + ख) | उपस्थित शेयर संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १,३४,७५,१८९ | ९०,९५,७५२ | ४३,७९,४३७ | ७८,६७,४६० | १२,१२,९९१ | ९०,८०,४५१ | ६७.३९% |

## ६. सभाको वैधानिकता र गणपुरक संख्या :

६.१ साधारणसभा शुरू हुनुभन्दा अंघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम वित्तीय संस्थाको छैठौं वार्षिक साधारणसभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो ।

६.२ तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको सभाले मन्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही बढाउन सभाले अनुमति दियो ।

७. **सभाको अध्यक्षता र आसन ग्रहण :**

कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम तथा वित्तीय संस्थाको नियमावलीको नियम १८(१) बमोजिम साधारणसभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री बिक्रमराज सुवेदीज्यूलाई सभाको अध्यक्षता ग्रहण गरिदिन हुन आग्रह गर्नु भयो र वहाँले अध्यक्षको आसन ग्रहण गर्नुभयो । साथै, कम्पनी सचिवले अनुरोध गरे बमोजिम अन्य सञ्चालकहरू लगायत पर्यवेक्षक तथा अन्य प्रतिनिधिहरुले पनि क्रमशः सभामा आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नुभयो ।

८. **सभाको औपचारिक उद्‌घाटन :**

सभामा आसन ग्रहणको कार्यक्रम समाप्त भएपश्चात वित्तीय संस्थाका महिला कर्मचारीहरुबाट ड्यासमा विराजमान सञ्चालक समितिका पदाधिकारीहरु, आमन्त्रित अतिथि तथा पर्यवेक्षकहरुलाई खादा तथा माला लगाउने कार्यक्रम सम्पन्न भयो र तत्पश्चात स-साना विद्यार्थी भाईबहिनीहरुले नेपालको गरीमामय राष्ट्रगान प्रस्तुत गर्नुभयो र अध्यक्षज्यूले पानसमा बत्तीबाली सभाको औपचारिक उद्‌घाटन गर्नुभयो ।

९. **स्वागत मन्तव्य :**

कम्पनी सचिवले अनुरोध गर्नुभए बमोजिम वित्तीय संस्थाका सञ्चालक श्री असोक सिटौंला ज्युले उपस्थित सवैलाई स्वागतार्थ स्वागत मन्तब्य राख्नु भयो । सभालाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृतले वित्तीय संस्थाको संक्षिप्त वित्तीय जानकारी तथा प्रगति विवरणको जानकारी दिंदै सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, अतिथि एवं पर्यवेक्षकहरु लगायत अन्य सम्पूर्णलाई स्वागत गर्दै आफ्नो स्वागत मन्तव्य व्यक्त गर्नुभयो । सभामा उपस्थित सञ्चालक तथा पर्यवेक्षकहरुले वार्षिक साधारणसभाको सफलताको कामना गर्दै शुभकामना आदान प्रदान गर्नु भयो ।

१०. **सभाको औपचारिक सञ्चालन :**

सभाको औपचारिक कार्यवाही अगाडि बढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषयसूचीहरू सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

११. **प्रस्तावहरूको प्रस्तुति :**

अध्यक्षज्यूको अनुमती अनुसार सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिको तर्फबाट वित्तीय संस्थाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नु भयो र सोही बमोजिम अध्यक्षज्युले वित्तीय संस्थाको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो ।

**प्रतिवेदन उपर छलफल :**

अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन उपर छलफलको क्रममा सभामा उपस्थित शेयरधनीहरुले निम्न बमोजिम आफ्नो जिज्ञासा एवं सुझाव राख्नुभयो ।

**शेयरधनीहरुबाट व्यक्त राय एवं सुझावहरूको संक्षिप्त विवरण :**

क. साधारण सभामा संस्थापक शेयरधनी श्री रिवोल देवी मण्डल आफ्नो विचार राख्दै लघुवित्तमा देखिएका विकृतीहरु विरुद्ध जीवन विकासका कर्मचारीहरुको अथक मेहनतको प्रशंसा गर्नु भयो । शेयरधनी योगेन्द्र मण्डलले ग्रामीण क्षेत्रका विपन्न समुदायको जीवनस्तर उकास्नका लागि काम गरिहेका लघुवित्तलाई कमजोर बनाउनका लागि योजनावरुद्ध रुपमा प्रहार भइरहेको बताउनु भयो । वहाँले कर्मचारीहरु विचलित नभइ प्रभावकारी रुपमा वित्तीय सेवा प्रवाह गर्न आग्रह गर्नुभयो । यसैगरी शेयरधनी मिरा देवले लघुवित्तमाथि प्रहार गरेर देशको अर्थतन्त्रलाई नै कमजोर बनाउने प्रयास भइरहेको बताउनु भयो ।

**शेयरधनी महानुभावहरूबाट व्यक्त गरिएका उपरोक्त जिज्ञासा एवं सुझावहरूका सम्बन्धमा सभाध्यक्षज्युले निम्न बमोजिम जवाफ दिनुभयो ।**

क. लघुवित्तमाथि अवरोध हुँदा सदस्यमाँझ सेवा पुर्याउन असहज भइरहेको तर पनि लघुवित्तले सदस्यलाई गुणस्तरीय सेवा प्रवाह गरिरहेको छ । वहाँले भन्नु भयो 'आर्थिक मन्दीको प्रभावको कारण व्यापार, व्यवसाय तथा रोजगारीमा आएको संकुचनले समग्र लघुवित्त क्षेत्रलाई नकारात्मक असर गरेको छ', 'केही समूह तथा व्यक्तिहरुले लघुवित्त वित्तीय संस्थाहरु विरोधी गतिविधि संचालन गरी लघुवित्त कार्यक्रममा अवरोध सृजना गर्ने, संस्थाहरुलाई कार्यक्रम बन्द गर्न धम्की दिने, कर्मचारीहरुलाई गालीगलौज तथा हातपात गर्ने, सोझासिधा सदस्यहरुलाई वित्तीय सेवा उपभोग गर्न बाधा पुर्याउने कार्य भइरहेको छ ।' अवरोधका बावजुत पनि विपन्न तथा असहाय परिवारलाई आयमुलक कार्यमा सामेल गराई सहयोग गर्ने कार्यहरु प्रभावकारी रुपमा भईरहेको छ ।'

**छलफलको क्रम समाप्ती :**

शेयरधनी महानुभावले राख्नु भएको जिज्ञासा एवं सुझावहरूको सम्बन्धमा सभाका अध्यक्षले जवाफ दिनु भएपछि कम्पनी सचिवले छलफलको क्रम समाप्त भएको जानकारी सभामा गराउनु भयो । तत्पश्चात् पूर्व निर्धारित प्रस्तावका विषयहरुलाई अध्यक्षको अनुमति लिई सभामा क्रमशः पेश गर्नुभयो र सभाबाट देहाय बमोजिम पारित/स्वीकृत/अनुमोदन गर्ने निर्णय भयो ।

१२. **सभाबाट पारित प्रस्तावहरू :**

**सामान्य प्रस्ताव नं. १ :**

सञ्चालक समितिका अध्यक्ष श्री बिक्रमराज सुवेदीले सभामा पेश गर्नु भएको सञ्चालक समितिको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

**सामान्य प्रस्ताव नं. २ :**

लेखा परीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभाबाट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

**सामान्य प्रस्ताव नं. ३ :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम वर्तमान लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट अश्विनी बंशल (ए.बंशल एण्ड एसोसिएट्स) को गत आर्थिक वर्षको कार्यसम्पादन सन्तोषजनक रहेको साथै यस वर्ष पनि पुनः नियुक्तका लागि योग्य देखिएकाले सभाबाट चार्टर्ड एकाउण्टेण्ट अश्विनी बंशल (ए.बंशल एण्ड एसोसिएट्स) लाई आ.व. २०८१/०८२ का लागि वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म लेखापरीक्षण प्रतिवेदन तथा दफा ७८ को प्रमाणित गर्ने समेत कार्य गर्ने गरी लेखा परीक्षकमा पुनः नियुक्त गर्ने र सो वापत निजलाई रू. १०,००,०००/- (मु.अ.कर बाहेक) पारिश्रमिक तथा वास्तविक यातायात खर्च र फिल्ड भ्रमण वापत Twin Sharing Basis मा प्रतिदिन रु. ३,००० (अक्षरेपी रु. तीन हजार मात्र) नबढ्ने गरी होटल खर्च प्रदान गरिने निर्णय भयो ।

**सामान्य प्रस्ताव नं. ४ :**

सञ्चालक समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरण योग्य मुनाफाबाट २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १,३४,७५,१८,९००/- को ०.७३६८ प्रतिशतले हुन

आउने रु. ९९,२९,०८७/- (अक्षरेपी उनान्सय लाख उनान्तीस हजार सतासी मात्र) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनका लागि समेत) वितरण सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभाबाट सर्वसम्मत रुपमा उक्त प्रस्तावलाई स्वीकृत तथा पारित गर्ने निर्णय भयो ।

**सामान्य प्रस्ताव नं. ५ :**

संस्थापक समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकको निर्वाचन गर्ने ।

संस्थापक शेयरधनीहरुको समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धी प्रस्तावका विषयमा कम्पनी सचिवले निर्वाचन कार्यक्रम सम्बन्धमा भए गरेका कार्यहरु तथा निर्वाचनको परिणाम वा निर्वाचन गर्नुपर्ने भए सो सम्बन्धी जानकारी सभामा जानकारी गराउन निर्वाचन अधिकृत श्री विकास थापालाई अनुरोध गर्नुभयो । तत्पश्चात् निर्वाचन अधिकृत थापाले निर्वाचनका सम्बन्धमा भए गरेका कार्यहरुको विवरण सभालाई जानकारी गराउँदै ४ जना सञ्चालक पद रिक्त रहेकोमा उक्त पद पुर्तिकालागि ६ जनाको उमेदवारी दर्ता भएको र अन्तिम उम्मेदवारको रुपमा ५ जना उम्मेदवार कायम रहेको र ५ जना मध्ये कुनै पनि उम्मेदवारबाट तोकिएको समयसम्ममा आफ्नो नाम फिर्ता नलिएकाले निर्वाचनको प्रक्रियाबाट सञ्चालकको नियुक्ति गर्नुपर्ने अवस्था आएको र सञ्चालकहरुको निर्वाचन सम्बन्धी प्रक्रिया अगाडी बढाईने जानकारी गराउनु भयो । निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी कार्यक्रम, यसका प्रक्रिया, मतभार लगायतका विषयमा सभालाई जानकारी गराउनु भयो । तोकिएको समय अनुसार साँझ ४:०८ बजे प्रारम्भ भएको मतदान कार्यक्रम बेलुका ६:३८ बजे सम्पन्न भयो । तत्पश्चात अन्य सबै कानूनी प्रक्रियाहरु पुरा गरी बेलुका ८:४५ बजे मतगणनाको कार्य सम्पन्न भयो ।

मतगणनाको नतिजा अनुसार निर्वाचन अधिकृतले ५ (पाँच) जना उम्मेदवारले प्राप्त गरेको मत सहित देहाय बमोजिमका ४ (चार) जना उम्मेदवारहरु आगामी ४ वर्ष (सो वर्ष हुने वार्षिक साधारणसभासम्म) अवधिकालागि संस्थापक शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको सञ्चालक समितिमा निर्वाचित भएको घोषणा गर्नुभयो र सभाबाट समेत सो घोषणालाई तालि बजाएर स्वीकृत तथा अनुमोदन भयो ।

**निर्वाचित सञ्चालकहरु :**

| क्र. सं. | निर्वाचित सञ्चालकको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|
| १. | विक्रम राज सुवेदी | ८१,९३,६०२ | निर्वाचित भएको घोषणा |
| २. | प्रकाश कुमार श्रेष्ठ | ७५,५२,८०० | निर्वाचित भएको घोषणा |
| ३. | श्याम चन्द्र खतिवडा | ७३,५१,५३२ | निर्वाचित भएको घोषणा |
| ४. | इन्द्र नारायण देव वैश्य | ७३,४५,३३४ | निर्वाचित भएको घोषणा |

**निर्वाचित नभएका उमेदवार :**

| | | | |
|---|---|---|---|
| १ | मनोज नेपाल | ५७,५७,५२० | निर्वाचित नभएको घोषणा |

**नव निर्वाचित सञ्चालकहरुको स्वागत :**

निर्वाचन अधिकृतले निर्वाचनको परिणाम घोषणा गर्नुभए पश्चात निर्वाचित सञ्चालकहरुलाई कम्पनी सचिवले ड्यासमा आमन्त्रण गर्नुभयो र निजहरुलाई निर्वाचन अधिकृत, लगायत अन्य सञ्चालकरुले टिका, अबिर माला तथा खादा लगाई स्वागत गर्नुभयो । तत्पश्चात् निर्वाचन अधिकृतले निर्वाचित सञ्चालकद्वयलाई सञ्चालक पदमा निर्वाचित भएको प्रमाणपत्र वितरण गर्नुभयो ।

**विशेष प्रस्ताव नं. १ :**

सञ्चालक समितिले सिफारीश गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरण योग्य मुनाफाबाट २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु. १,[illegible],७५,१८,९००/- को १४ प्रतिशतले हुन आउने रु.

१८,८६,५२,६४६/- (अक्षरमा अठार करोड छयासी लाख बाउन्न हजार छ सय छयालीस मात्र) बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभाबाट उक्त प्रस्तावलाई स्विकृत तथा पारित गर्ने निर्णय भयो ।

**विशेष प्रस्ताव नं. २ :**

बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजी रु. १,५३,६१,७१,५४६/- (अक्षरमा एक अर्ब त्रिपन्न करोड एकसठ्ठी लाख एकहत्तर हजार पाँच सय छयालीस मात्र) पुऱ्याउने सम्बन्धी प्रस्तावलाई सर्वसम्मत रुपमा स्विकृत तथा पारित गर्ने निर्णय भयो ।

**विशेष प्रस्ताव नं. ३ :**

बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभाबाट देहाय बमोजिम गर्ने गरी उक्त प्रस्तावलाई सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय भयो ।

**सभाबाट स्वीकृत प्रवन्धपत्रमा संशोधनको विवरण :**

**दफा ६(ख) :** वित्तीय संस्थाको जारी पुँजी रु. १,५३,६१,७१,५४६।- (अक्षरमा एक अर्ब त्रिपन्न करोड एकसठ्ठी लाख एकहत्तर हजार पाँच सय छयालीस मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- दरका १,५३,६१,७१५.४६ (एक करोड त्रिपन्न लाख एकसठ्ठी हजार सातसय पन्ध्र दशमलव चार छ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६(ग) :** वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,५३,६१,७१,५४६।- (अक्षरमा एक अर्ब त्रिपन्न करोड एकसठ्ठी लाख एकहत्तर हजार पाँच सय छयालीस मात्र) हुनेछ ।

**विशेष प्रस्ताव नं. ४ :**

वित्तीय संस्थाका अध्यक्ष तथा सञ्चालकहरुको वैठक भत्ता तथा अन्य सुविधाहरु वृद्धि/थप गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीको सम्बन्धित नियमहरुमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभामा छलफल भई वित्तीय संस्थाको सञ्चालकहरुको सुविधामा समायानुकुल परिमार्जन गर्न आवश्यक भएको भन्ने छलफलको निष्कर्ष सहित सभाबाट देहाय बमोजिम अध्यक्ष लगायत सञ्चालकहरुको वैठक भत्ता तथा अन्य सुविधाहरु प्रदान गर्ने र सोही अनुरुप वित्तीय संस्थाको नियमावलीको सम्बन्धित नियमहरुमा देहाय बमोजिम संशोधन/थप गर्ने प्रस्ताव सभाबाट स्विकृत गर्ने निर्णय भयो ।

**सभाबाट स्वीकृत नियमावलीमा संशोधनको विवरण :**

**नियम ३२ को उपनियम १ को खण्ड (ख) :** सञ्चालक समितिको वैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु. १०,०००/- र रु. ८,०००/- हुनेछ । सञ्चालक स्तरीय समिति/उप-समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकलाई सञ्चालक सरह वैठक भत्ता प्रदान गरिने छ ।

**नियम ३२ को उपनियम १ को खण्ड (ग) : वित्तीय संस्थाको सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा अन्य सुविधा देहाय बमोजिम हुनेछ ।**

(अ) स्वदेशमा दैनिक भत्ता ने.रु. ५,०००।- हुनेछ ।
(आ) भारतमा दैनिक भत्ता भा.रु. ४,०००।- हुनेछ ।
(इ) भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर २५०।- हुनेछ ।
(ई) होटलमा बसेको खर्च बापत बिल बमोजिम स्वदेशमा बढिमा दैनिक ने.रु. ५,५००।- सम्म, भारतमा भा.रु. ४,०००।- सम्म र अन्य विदेशी मुलकमा अमेरिकी डलर २५०।- सम्म तथा वास्तविक लागेको यातायात खर्च ।
(उ) पत्रपत्रिका : अध्यक्ष तथा सञ्चालकलाई मासिक रु. ३,०००।-, (विल पेश गर्नु नपर्ने)
(ऊ) संचार तथा ईन्टरनेट खर्च : अध्यक्ष तथा सञ्चालकलाई मासिक रु. ४,०००।- (विल पेश गर्नु नपर्ने)

**विशेष प्रस्ताव नं. ५ :**

यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मूल्याङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तिसंग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभामा सो प्रस्ताव उपर विस्तृत रुपमा छलफल भई प्रस्ताव गरिए अनुरुप नै गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धी उल्लेखित कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

**विशेष प्रस्ताव नं. ६ :**

वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न गराउन तथा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभामा सो प्रस्ताव उपर छलफल भई सभाबाट सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

**विविध प्रस्ताव :** आजको यस साधारणसभामा विविध प्रस्ताव अन्तर्गत अन्य कुनै प्रस्तावहरु नरहेको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

प्रस्तावहरुको प्रस्तुती र छलफल तथा निर्णयको प्रक्रिया समाप्त भएकोले कम्पनी सचिवले उपस्थित सम्पूर्ण शेयरधनीहरु, अतिथि एवं पर्यवेक्षकहरु सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो र सभाको समापन गरिदिनु हुन सभा अध्यक्षलाई अनुरोध गर्दै सभाबाट बिदा माग्नुभयो ।

१३. **सभाको समापन :**

अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, आमन्त्रित अतिथि एवं पर्यवेक्षकहरु, शेयर रजिष्ट्रार प्रतिनिधि, सुरक्षाकर्मी लगायत वित्तीय संस्थाका कर्मचारीहरु समेतलाई उत्साह एवं उमङ्गका साथ लामो समयसम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा संलग्न भई यस छैठौं वार्षिक साधारणसभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा धन्यवाद दिनुहुँदै सभा समापन भएको घोषणा गर्नुभयो ।

**दामोदर रेग्मी**
**कम्पनी सचिव**

**बिक्रमराज सुवेदी**
**अध्यक्ष**

**ईति सम्वत् २०८१ साल पुष २८ गते आइतवार ।**